बैठक संख्या: २८
मिति: २०८०/०९/२०
समय: बिहान ८:०० बजे
स्थान: नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन ।

आज मिति २०८०/०९/२० गते यस कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विनोद रेग्मी | |
| २ | नगर उपप्रमुख | श्री विमला तमाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री विरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नरजंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री भुव कुमारी रानामगर | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| २० | नगर कार्यपालिका सदस्य | श्री ज्योति सुनार | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | |
| २२ | सचिव | श्री चूडामणि शर्मा गौतम | |

CamScanner

## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### कार्यपालिका बैठकको निर्णय

| | बैठक संख्याः २८ | | बैठक मितिः २०८०/०९/२० | |
|---|---|---|---|---|
| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
| १. | प्रशासन शाखा | दोस्रो कार्यकालको चौथो नगरसभा सम्बन्धमा । | कालिका नगरपालिकाको चौथौं (दोस्रो कार्यकालको चौथो) नगरसभा मिति २०८० पुष २९ गते सञ्चालन हुने गरी आह्वान गर्ने । | |
| २. | प्रशासन शाखा | विभिन्न शाखाहरुबाट तर्जुमा भई पेश भएका विभिन्न कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा । | १) प्रशासन शाखाबाट प्रस्तुत कालिका नगरपालिकाको तीनपाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने । | |
| | | | २) आर्थिक विकास शाखाबाट प्रस्तुत कालिका नगरपालिकाको उद्यम विकास कोष सञ्चालन तथा परिचालन कार्यविधि, २०८० स्वीकृत गर्ने । | |
| ३. | राजश्व शाखा | विज्ञापन कर सम्बन्धमा । | कालिका नगरपालिकाको विज्ञापन कर सङ्कलन सम्बन्धमा सूचना प्रकाशन गर्ने । | |
| ४.. | राजश्व शाखा | आय अनुमान सम्बन्धमा । | राजश्व परामर्श समितिको मिति २०८०/०९/१२ को निर्णयानुसार सिफारिस भई आएको कालिका नगरपालिकाको आ.व. ०८१/८२ को लागि राजश्व प्रक्षेपण तथा आन्तरिक आय रु.६,००,००,०००।- र सम्पूर्ण आय रु.९५,००,००,०००।- को आय अनुमान स्वीकृत गर्ने । | राजश्व परामर्श समितिको मिति २०८०/०९/१२ को निर्णय संलग्न । |
| ५. | राजश्व शाखा | जरिवाना सम्बन्धमा । | कालिका नगरपालिकामा व्यवसाय दर्ता भएको तर लामो समयदेखि नवीकरण नभएको व्यवसायलाई २०८० चैत्र मसान्तभित्र नवीकरण गर्दा आ.व. ०७८/७९ र ०७९/८० को मात्र जरिवाना लिने र अन्य आ.व.को जरिवाना छुट दिने प्रस्ताव अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने । | |
| ६. | राजश्व शाखा | नदीजन्य पदार्थको बिक्री दररेट कायम गर्ने सम्बन्धमा । | जफत गरिएको नदीजन्य पदार्थ (बोल्डर ढुङ्गा र चिप्स गिटी)को राजश्व तथा प्रशासनिक खर्च र लोडिङ्ग खर्च समेत गरी बोल्डर ढुङ्गाको बिक्रीदर प्रति घनमिटर रु.१३००।- अक्षरेपी एक हजार तीन सय रुपैयाँ (मूअकरसमेत) र चिप्स गिट्टीको बिक्रीदर प्रति घनमिटर रु.२१४७।- अक्षरेपी दुई हजार एक सय सतचालिस रुपैयाँ (मूअकरसमेत) निर्धारण गरी बिक्री बितरण गर्ने प्रस्ताव अनुमोदनको लागि आगामी नगरसभामा पेश गर्ने । | |
| ७. | राजश्व शाखा | नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रणको प्रोत्साहन भत्ता सम्बन्धमा । | नदीजन्य पदार्थ चोरी निकासी नियन्त्रण गर्दा प्रोत्साहनस्वरुप देहायबमोजिम गर्ने । | |
| | | | १.सुरक्षाकर्मीको मात्रै संलग्नतामा नियन्त्रणमा लिएमा नगरपालिकाले लगाएको जरिवाना रकमको ५०% रकम सुरक्षाकर्मीलाई उपलब्ध गराउने । | |
| | | | २. कर्मचारी तथा टोल विकास संस्थासमेतको संलग्नतामा सुरक्षाकर्मीबाट नियन्त्रणमा लिएमा नगरपालिकाले लगाएको जरिवाना रकममध्ये २०% सुरक्षाकर्मीलाई र ३०% रकम संलग्न कर्मचारी वा टोल विकास संस्थालाई उपलब्ध गराउने । | |
| ८. | राजश्व शाखा | राजश्व फिर्ता सम्बन्धमा । | राजश्व शाखाबाट पेश भएबमोजिम देहायबमोजिमको राजश्व रकम फिर्ता गर्ने । | |
| | | | १. श्री सरिमाया प्रजा (सामाजिक परिचालक), कानपा-३ को रु.१८,०००।- (बहाल कर) | |
| | | | २. श्री हरिलाल डाँगी (ना.प्रा.स.) कानपा, पशु सेवा शाखाको रु.१९१६।- (दुध अनुदानको फिर्ता) | |
| ९. | योजना शाखा | आर्थिक सहायता तथा योजना सम्बन्धमा । | १. कालिका-१ बस्ने भिम बहादुर पाख्रिनको घरमा जस्ता लगाउने कार्यको लागि रु.४१,०००।- विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी व्यवस्थापन गर्ने । | |
| | | | २. मानव सेवा आश्रमको औषधी/खाद्यान्न व्यवस्थापनको लागि रु.१,००,०००।- संघसंस्था साझेदारी शिर्षकबाट खर्च लेख्ने गरी व्यवस्थापन गर्ने । | |
| | | | ३. कालिका नगरपालिका, वडा नं ८ स्थित सिंहनाथ गण (कमाण्डो) को हाताभित्र हेलिप्याड निर्माणको लागि रु.३,८३,०००।- व्यवस्थापन गर्ने । | |

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १०. | प्रशासन शाखा | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा । | आर्थिक वर्ष २०७९/८० मा यस कार्यपालिकाबाट सम्पादित सम्पूर्ण कार्यहरुको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) बाट प्राप्त अङ्क ९१.५ लाई अनुमोदन गर्ने तथा सोको थप प्रक्रिया अघि बढाउने । | |
| ११. | भवन तथा बस्ती विकास शाखा | मापदण्ड नपुगेको घर/भवन अभिलेखीकरण सम्बन्धमा । | कालिका नगरपालिका नगर कार्यपालिकाको मिति २०८० साल श्रावण २४ गतेको निर्णय बमोजिम मिति २०८० साल भाद्र १३ गते सूचना प्रकाशन गरी घर अभिलेखीकरणको लागि आब्हान गरिएकोमा संलग्न सूचीमा उल्लेख घर अभिलेखीकरणको लागि पेश भएकोमा, यस नगरपालिकाबाट जारि कालिका नगरपालिका भवन निर्माण तथा नक्सा पास निर्देशिका, २०८० को परिच्छेद-९ को दफा ४७ (ख) पूर्व निर्मित भवनको अभिलेख सम्बन्धी व्यवस्था बमोजिम संधियार तर्फ जग्गा सेपेर झ्याल, ढोका तथा भेन्टिलेसन राखी भवन निर्माण गरेको तथा तत्कालिन मापदण्ड नपुगी निर्माण भएको भवनको खण्डमा वडाबाट ५ जना संधियार साक्षीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहितको स्थालगत सर्जमिन मुचुल्का , वडा समितिको बैठकको निर्णय साथै अभिलेखीकरण कबुलियतनामा हालको बाटोको अधिकार क्षेत्रमा परेको संरचना नगरपालिकाले बाटो विस्तार गर्दा भौतिक संरचनाको भाग भत्काउने छु भन्ने कबुलियतनामा ,साथै जग्गा सेपेर झ्याल, ढोका तथा भेन्टिलेसन राखि भवन निर्माण गरेको हकमा सेपिएको छिमेकीको मन्जुरीनामा तथा विवाद भएमा झ्याल, ढोका तथा भेन्टिलेसन टाल्नेछु भन्ने कबुलियतनामा गरि पेश भएमा नगरपालिकाको निर्णय तथा राय सुझाब अनुसार, नगरपालिकाको नियमानुसार लाग्ने शुल्क लिई छुट्टै रजिस्टर खडा गरि अनुसूची -७ बमोजिमको भवन निर्माण अभिलेखीकरण प्रमाण पत्र दिईने व्यवस्था रहेकोमा देहायमा उल्लेख भएका भवनहरु वडा छिमेकीको मन्जुरीनामा तथा विवाद भएमा झ्याल, ढोका तथा भेन्टिलेसन झिकी टाल्नेछु साथै भौतिक संरचनाको भाग तत्कालिन मापदण्ड बमोजिम बाटोको अधिकार क्षेत्रमा पर्न गएमा कुनै दाबी विरोध नगरी नियमानुसार भत्काउनेछु भनि नक्सापास किताबको कबुलियतनामा घरधनी तथा संधियारको हस्ताक्षर गरी (वडा अध्यक्षको रोहबरमा) सर्जमिन मुचुल्का र वडा समितिको बैठकको निर्णय सहित वडा प्राविधिकबाट फिल्ड निरीक्षण गरि चेकलिस्टमा वडा प्राविधिकको हस्ताक्षर र घरको नक्सामा फिल्ड बमोजिम भएको भनि प्राविधिक र वडा अध्यक्षको हस्ताक्षर भई आएकोमा अभिलेखीकरण गर्नको लागि नगरपालिकाको निर्णय तथा राय सुझाब सहित अभिलेखीकरण गर्ने प्राबधान अनुसार संलग्न सूची अनुसारको १४ (चौध) वटा घरहरु अभिलेखीकरण गरी घर अभिलेखीकरण प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो । | सूची निर्णयसाथ संलग्न रहेको । |

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १२. | प्रशासन शाखा | विविध सम्बन्धमा । | बागमती प्रदेश सरकारबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा (२) बमोजिम चौथो तहको कर्मचारी पाँच बर्ष सेवा अवधि पुरा गरेपछि स्वतः पाँचौं तहमा तहवृद्धि हुने व्यवस्था रहेको तथा सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधि पुरा भएका, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मल्याङ्कनमा औसत पञ्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सेवाका कर्मचारीलाई तहवृद्ध गरिने व्यवस्था रहेको र ऐनको दफा ३० को उपदफा (२) बमोजिम तह वृद्धि गर्दा प्रत्येक वर्षको श्रावण १ गते र माघ १ गतेदेखि लागू हुने गरी तहवृद्धि गर्नु पर्ने व्यवस्था रहेको हुँदा उल्लेखित योग्यता पुरा भएका तपसिलका कर्मचारीको तह वृद्धि गर्ने निर्णय गर्ने ।<br>तपसिलः | |

| | कर्मचारीको साविकको विवरण | कर्मचारीको तहवृद्धि हुने विवरण |
|---|---|---|
| १. | नामथरः अरुण रुपाखेती<br>सेवाः नेपाल प्रशासन सेवा<br>समूहः लेखा<br>पदः सहलेखापाल<br>तहः सहायक चौथो | सेवाः स्थानीय प्रशासन सेवा<br>समूहः लेखा<br>पदः वरिष्ठ लेखा सहायक<br>तहः सहायक पाँचौं<br>ज्येष्ठता लागू हुने मितिः २०८०/१०/०१ |
| २. | नामथरः रेशम रेग्मी<br>सेवाः नेपाल प्रशासन सेवा<br>समूहः लेखा<br>पदः लेखापाल<br>तहः सहायक पाँचौं | सेवाः स्थानीय प्रशासन सेवा<br>समूहः लेखा<br>पदः सहायक लेखा अधिकृत<br>तहः अधिकृत छैठौं<br>ज्येष्ठता लागू हुने मितिः २०८०/१०/०१ |
| ३. | नामथरः गृष्मा पोखे्रल<br>सेवाः नेपाल स्वास्थ्य सेवा<br>समूहः हेल्थ इन्स्पेक्सन<br>पदः हेल्थ असिस्टेण्ट<br>तहः सहायक पाँचौ | सेवाः स्थानीय स्वास्थ्य सेवा<br>समूहः हेल्थ इन्स्पेक्सन<br>पदः जन स्वास्थ्य निरीक्षक<br>तहः अधिकृत छैठौं<br>ज्येष्ठता लागू हुने मितिः २०८०/१०/०१ |
| ४. | नामथरः आरधना शर्मा<br>सेवाः नेपाल स्वास्थ्य सेवा<br>समूहः हेल्थ इन्स्पेक्सन<br>पदः हेल्थ असिस्टेण्ट<br>तहः सहायक पाँचौं | सेवाः स्थानीय स्वास्थ्य सेवा<br>समूहः हेल्थ इन्स्पेक्सन<br>पदः जन स्वास्थ्य निरीक्षक<br>तहः अधिकृत छैठौं<br>ज्येष्ठता लागू हुने मितिः २०८०/१०/०१ |

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

भवन तथा बस्ती विकासअन्तर्गतको घर अभिलेखीकरणको सूची:

| क्र.सं. | घरधनीको नाम | ठेगाना | कित्ता नं . | क्षेत्रफल | सूचना काटेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पदमपुर बचत तथा ऋण सहकारी सस्था लि. | कालिका-२ पदमपुर – १ क | ४५१ | ०-०-१० | २०८०/०९/०१ | संधियार तर्फ हालको मापदण्ड बिपरित झ्याल राखी भवन निर्माण भएको |
| २. | मान बहादुर पाख्रिन | कालिका-१ जुटपानी-८ ख | १४९६ | २६२.४२ | २०८०/०९/०४ | संधियार तर्फ हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ३. | ओमकार खड्का | कालिका-१ जुटपानी – ७ क | २३६५ | ३८२.१५ | २०८०/०९/०४ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने |
| ४. | ईश्वरी प्रसाद चापागाई | कालिका-१ जुटपानी-७ क | ६८३ | ३३८.६३ | २०८०/०९/०५ | संधियार तर्फ ४'-५" मात्र हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ५. | जिबन श्रेष्ठ | कालिका-२ पदमपुर -१ | ८६८ | ३३८.६३ | २०८०/०९/०६ | संधियार तर्फ ३'-४" मात्र हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ६. | हरिकला पौडेल | कालिका-२ पदमपुर १ ख | १४७ | ०-८-६-० | २०८०/०९/०६ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने |
| ७. | कृष्ण प्रसाद अधिकारी | कालिका-५ पदमपुर ५/ख | ६६५ | १६९.३२ | २०८०/०९/०८ | संधियार तर्फ ३'-७" मात्र हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ८. | ऋषिराम शर्मा | कालिका-२ पदमपुर २ क | ४०४ | ०-१-० | २०८०/०९/१२ | संधियार तर्फ हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ९. | प्रेम प्रसाद आचार्य | कालिका-५ पदमपुर १/क | ३५१ | ०-३-१० | २०८०/०९/१६ | संधियार तर्फ २'-०" मात्र हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| १०. | ऋषि केशव बुढा मगर | कालिका-६ जुटपानी ५ क | १३५९ | ०-१-० | २०८०/०९/१६ | संधियार तर्फ हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| ११. | सेते तामाङ | कालिका-४ पदमपुर -४ | २२७ | ०-५-० | २०८०/०९/१८ | संधियार तर्फ सेपेर हालको मापदण्ड नपुगी झ्याल राखी भवन निर्माण भएको |
| १२. | अस्मिता नगरकोटी | कालिका-६ जुटपानी – ५ क | १५३९ | ०-०-१२ | २०८०/०९/१७ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने |
| १३. | तुलसी देवी शर्मा | कालिका-६ जुटपानी -६ | १३४४ | ०-२-१७.२५ | २०८०/०९/१८ | बाटोको मापदण्ड बमोजिम सेटब्याकमा घर पर्ने |
| १४. | गगन माया धमला | कालिका ६ जुटपानी ५ क | ७२७ | ०-१-० | २०८०/०९/१९ | बाटोको मापदण्ड बमोजिम ROW मा घर पर्ने |

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकिय अधिकृत